# संसदीय कार्यसञ्चालनः अभ्यास एवं परम्परा



डा. भरतराज गौतम ✍

## पृष्ठभूमि

एक सदनात्मक होस् वा द्विसदनात्मक, संसदको कामकारवाही सञ्चालन गर्ने सम्पूर्ण विषय संविधान र संसदको नियमावलीमा उल्लेख गर्न सम्भव हुँदैन । नियमावलीमा उल्लेख भएका प्रावधानका आधारमा मात्र संसदको कामकारवाही अगाडि बढाउन पर्याप्त पनि हुँदैन । त्यस्तो अवस्थामा संसदमा सभाध्यक्षको रुलिङ्ग, विगतको अभ्यास, विधि, मान्यता एवं परम्परा हेरिन्छ र संसदीय कामकारवाही सञ्चालन गरिन्छ । सरकारको कार्यसम्पादन नियमावली हुन्छ र त्यसमा उल्लेख भए बाहेकका विषय कार्यकारी निर्णयबाट गरिन्छ । अदालतले नजिर निर्माण गर्दछ र स्थापित नजिर अनुशरण गरिन्छ एवं आवश्यकता पर्दा नयाँ नजिरसमेत प्रतिपादन गर्दछ । जनप्रतिनिधिमूलक संस्था भएकोले संसदीय कार्यसंस्कृति फरक हुन्छ र संसदले अभ्यास एवं परम्परा हेर्छ । संसद सञ्चालनका लागि अन्य देशको प्रचलन एवं अभ्यास समेत अध्ययन गरिन्छ । कतिपय अवस्थामा नयाँ संसदीय अभ्यास प्रारम्भ गर्नुपर्ने पनि हुन्छ । कतिपय विषय नियमावलीमा संक्षिप्त रूपमा मात्र व्यवस्था गरिएको हुन्छ र अभ्यासबाट विस्तृतीकरण गरिन्छ । समयको क्रमसँगै संसदीय कामकारवाहीमा नयाँ अभ्यास प्रारम्भ गर्दै निरन्तरतासमेत दिनुपर्ने हुन्छ । प्रस्तुत लेख नेपालको संसदीय अभ्यास, मान्यता एवं परम्पराका विषयमा केन्द्रित रहेको छ ।

संसदीय अभ्यास र परम्परा लिपिबद्धभन्दा ज्यादा मान्यता र प्रचलनमा रहेका हुन्छन् । संसदले अवलम्बन गरेका प्रचलित अभ्यास र परम्पराहरू देहायबमोजिम रहेका छन् ।

## संसदको अधिवेशन र बैठक सम्बन्धी अभ्यास

संविधानबमोजिम राष्ट्रपतिबाट संसदको अधिवेशन आह्वान र अन्त्य हुन्छ । संसदको अधिवेशन आह्वान र अन्त्य गर्दा मन्त्रिपरिषद्को सिफारिसमा गरिन्छ । अधिवेशन प्रारम्भ र अन्त्यका

✍ संघीय संसदको महासचिव

सम्बन्धमा प्रतिनिधि सभाको सभामुख र राष्ट्रिय सभाको अध्यक्षसँग राय परामर्श गर्ने अभ्यास रहेको छ । संसदको अधिवेशन आह्वान गर्दा बैठक बस्ने दिनभन्दा कति दिन अगावै आह्वान गर्ने भन्ने विषय संविधान र नियमावलीमा उल्लेख गरिएको छैन । विगतमा संसद अधिवेशन आह्वान गर्दा १५ दिन अगाडि गर्ने अभ्यास रहेको थियो । पछिल्लो समयमा सामान्यतया सात दिन अगाडि संसद अधिवेशन आह्वान गर्ने अभ्यास रहेको छ । देशको सबै निर्वाचन क्षेत्र एवं जिल्लाबाट सदस्यहरू संसद भवन काठमाडौं आउन लाग्ने समयलाई दृष्टिगत गरी एक हप्ता अगाडि अधिवेशन आह्वान गर्ने अभ्यास रहेको छ । राष्ट्रपतिबाट संसदको अधिवेशन आह्वान भएपछि सोहीबमोजिम संघीय संसदका सदस्यहरूलाई बैठकमा उपस्थितिका लागि सरकारी सञ्चार माध्यममार्फत् सूचना समेत गर्ने संसदीय अभ्यास रहेको छ ।

अधिवेशन आह्वान भएको दिन र समयमा प्रतिनिधि सभा र राष्ट्रिय सभाको बैठक छुट्टाछुट्टै प्रारम्भ गरिन्छ । संसदको एक अधिवेशनमा सम्बन्धित सदनको धेरै बैठकहरू बसेको हुन्छ । प्रत्येक वर्षको पहिलो अर्थात् बजेट अधिवेशन वैशाखमा प्रारम्भ भई सामान्यतया ४/५ महिना र हिउँदे अधिवेशन पुसमा प्रारम्भ भई २/३ महिना चालु हुन्छ । संसदको बजेट र हिउँदे अधिवेशन भन्ने पनि प्रचलन हो । हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन भन्ने गरिन्छ । तर, संविधान र संसदको नियमावलीमा सो सम्बन्धमा केही उल्लेख गरिएको छैन । नेपालको संविधानको धारा ९३ मा एक अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि छ महिनाभन्दा बढी हुने छैन भन्ने उल्लेख गरिएको छ ।

**सभामुख र अध्यक्षको पदमा अन्य दलले उम्मेदवारी नदिने संसदीय अभ्यास**

संसदको नेतृत्व निर्विरोध हुने एवं निर्वाचन भएमा पनि अधिकांश दलले एक उम्मेदवारलाई समर्थन गर्ने संसदीय अभ्यास रहेको छ । नेपालको संसदीय अभ्यास पनि सोही किसिमको रहेको छ । प्रतिनिधि सभाको सभामुख र राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचन गर्दा सत्तापक्षमा बहुमत हुने भएकोले संसदमा सत्तापक्षको दलको तर्फबाट उम्मेदवारी दिने गरिन्छ । सभामुख र अध्यक्ष पदमा सत्तापक्षको तर्फको उम्मेदवारी भएपछि प्रमुख प्रतिपक्ष र प्रतिपक्षमा रहेका अन्य दलले उम्मेदवारी नदिने अभ्यास रहेको छ । सभामुख र अध्यक्ष पदको उम्मेदवारी दिँदा सम्बन्धित दलको सदस्य रहे पनि सो पदमा निर्वाचित भएपछि संसदमा उहाँहरूले सबै दलका सदस्यहरूसँग समदूरी सम्बन्ध कायम गरेर एवं तटस्थ रूपमा संसदीय कामकारवाही सञ्चालन गर्नुपर्ने हुन्छ । सदनमा विचाराधीन रहेको विषयमा निर्णायक मत दिनुपर्ने अवस्थामा मात्र उहाँहरूबाट मतदान गर्न सकिने व्यवस्था छ । तर, सामान्यतया सभामुख एवं अध्यक्षले संसदीय निर्णय प्रक्रियाको मतदानमा भाग लिएको देखिँदैन ।

त्यसैले, प्रतिपक्षी दलहरूले पनि आफ्नोतर्फबाट उम्मेदवारी नदिएर सभामुख र अध्यक्ष निर्विरोध निर्वाचित हुने वातावरण बनाउने संसदीय अभ्यास विकसित हुँदै आएको छ । सभामुख र अध्यक्षले सो पदमा निर्वाचित भएपछि सो अवधिभर उहाँहरूको सम्बन्धित राजनीतिक दलसँग दलीय संलग्नता नरहने घोषणा गर्ने अभ्यास रहेको छ । सभामुख र अध्यक्षले संसदीय दल एवं राजनीतिक दलको बैठक एवं कार्यक्रममा सहभागी नहुने विषय लिखित रूपमा सार्वजनिक गर्नेसमेत अभ्यास रहेको छ । प्रतिनिधि सभाको उपसभामुख एवं राष्ट्रिय सभाको उपाध्यक्षको निर्वाचन पनि सामान्यतया निर्विरोध हुने गर्दछ । कहिलेकाहीँ प्रतिस्पर्धा पनि हुने गरेको छ । तर, निर्वाचित भएपछि उपसभामुख र उपाध्यक्षले पनि सो अवधिभर दलका कार्यक्रममा संलग्न नहुने अभ्यास रहेको छ । बेलायतको संसदमा नयाँ सभामुख निर्वाचित भएपछि सत्तापक्ष र प्रतिपक्ष दुवैतर्फका सदस्यहरूले सभामुखलाई तानेर सदनमा रहेको सभामुखको सिटमा बसाउने अभ्यास रहेको छ ।

**संसदको बैठकमा जनाउ घण्टी र बैठकको प्रारम्भमा राष्ट्रिय धुन बजाउने अभ्यास**

संसदको दुवै सदनको बैठकको प्रारम्भमा जनाउ घण्टी बजाउने अभ्यास रहेको छ । संसदबाहेक अन्य सभा सम्मेलन वा बैठकमा संसदको बैठकमा जस्तो जनाउ घण्टी बजाउने अभ्यास देखिँदैन । संसदमा जनाउ घण्टी बजाएर बैठक प्रारम्भ गरिन्छ । जनाउ घण्टी सामान्यतया तीन मिनेट बजाउने गरिन्छ । कहिलेकाहीँ तीन मिनेटभन्दा कम र बढी समय पनि हुन सक्छ । तर, जनाउ घण्टी बजाइएकै हुन्छ । त्यसपछि सम्बन्धित सदनको मर्यादापालक सदनमा गई "माननीय सदस्यहरू, सम्माननीय सभामुखज्यू/अध्यक्षज्यू भनी" उच्चारण गर्ने अभ्यास रहेको छ । त्यसपछि, मर्यादापालकले सभामुख वा अध्यक्षलाई सदनभित्र प्रवेशका लागि सङ्केत गर्ने अभ्यास रहेको छ । तत्पश्चात्, सम्बन्धित सदनको सभामुख वा अध्यक्ष सदनमा प्रवेश गर्ने प्रचलन रहेको छ । बैठक प्रारम्भ गर्न सभामुख र अध्यक्ष सम्बन्धित सदनमा प्रवेश गर्दा सो सदनमा उपस्थित सम्पूर्ण सदस्यहरू, सदन सञ्चालनमा संलग्न कर्मचारी र दर्शकदीर्घामा रहेका दर्शकहरूसमेत उठ्ने अभ्यास रहेको छ । सभामुख एवं अध्यक्ष बैठक सञ्चालनका लागि ड्यासमा पुगे लगत्तै राष्ट्रिय धुन बजाउने अभ्यास रहेको छ । संसदको बैठक प्रारम्भ गर्दा राष्ट्रिय धुन वा गान बजाउने भन्ने विषयमा छलफल हुँदा राष्ट्रिय गानको धुन बजाउने अभ्यास स्थापित भएको हो । अभ्यासबाट स्थापित भएको राष्ट्रिय धुन बजाएर सम्बन्धित सदनको बैठक प्रारम्भ गर्ने विषयलाई दुवै सदनको नियमावलीमा नै उल्लेख गरिएको छ । बेलायतको संसदको तल्लो सदन 'हाउस अफ कमन्स' र माथिल्लो सदन 'हाउस अफ लर्ड्स' को बैठक प्रारम्भ गर्दा प्रार्थना वाचन गर्ने अभ्यास रहेको छ ।

### बैठकको अध्यक्षता गर्ने पदाधिकारी एवं बोल्ने सदस्यसँग सवाल जवाफ गर्न नहुने मान्यता

संसदमा बोल्दा सबै सदस्य एवं मन्त्रीहरूले सम्बन्धित सदनको सभामुख वा अध्यक्षलाई सम्बोधन गर्ने अभ्यास रहेको छ । सभाको ज्येष्ठ सदस्य वा उपसभामुख एवं उपाध्यक्ष वा बैठकको अध्यक्षता गर्ने समूहका सदस्यहरूले सभा सञ्चालन गर्दासमेत सदस्य एवं मन्त्रीहरूले सभामुख वा अध्यक्ष महोदय भनेर सम्बोधन गर्ने प्रचलन रहेको छ । कुनै पनि सदस्यले बोल्दा सभाको बैठकको अध्यक्षता गर्ने सभामुख एवं अध्यक्षले कुनै विषयमा रुलिङ्ग गरिसकेपछि, त्यस्तो रुलिङ्ग मन नपरेको पनि हुनसक्छ, तर सभामुख एवं अध्यक्षसँग सो विषयमा सवाल जवाफ गर्न हुँदैन भन्ने संसदीय मान्यता रहेको छ । सभामा कुनै सदस्य बोलिरहेको समयमा सो विषय अर्को कुनै सदस्यलाई चित्त नबुझेको पनि हुन सक्छ । तर, सोही समयमा नियमापत्ति गर्दाबाहेक चित्त नबुझ्ने सदस्य उभिएर बोलिरहेको सदस्यसँग सवाल जवाफ गर्ने एवं सभामुख वा अध्यक्षको अनुमति लिएर बोलिरहेको सदस्यलाई लक्षित गरी व्यङ्ग्य गर्ने एवं एक आपसमा औंला ठड्याएर बोल्न हुँदैन भन्ने मान्यता रहेको छ । आफ्नो कुरा भन्न सम्बन्धित सदनको सभामुख वा अध्यक्षबाट समय प्राप्त भएमा वा आफ्नो बोल्ने समयमा सभामुख वा अध्यक्षलाई सम्बोधन गरी उहाँहरूमार्फत् सम्बन्धित विषयमा आफ्ना तर्क, विचार एवं विश्लेषण र टिप्पणीबाट सरकार एवं सम्बन्धित निकायको ध्यानाकर्षण गर्नु पर्दछ भन्ने संसदीय मान्यता रहेको छ ।

### संसदमा सत्तापक्ष र प्रतिपक्ष बस्ने स्थान र संसदीय अभ्यास

संसदका दुवै सदनमा सदस्यहरूको बस्ने व्यवस्था मिलाउँदा सत्तापक्ष र प्रतिपक्षी दलका लागि फरकफरक स्थानमा बस्ने अन्तर्राष्ट्रिय संसदीय अभ्यास रहेको छ । सरकारमा रहेको र सरकारलाई समर्थन गर्ने दल एकातर्फ अर्थात् सम्बन्धित सदनको सभामुख र अध्यक्षको ड्यासको अगाडि फ्लोरको दायाँतर्फ र प्रमुख प्रतिपक्ष एवं सरकारको विपक्षमा रहेका दलहरू सम्बन्धित सदनको सभामुख र अध्यक्षको ड्यासको अगाडि फ्लोरको बायाँतर्फ बस्ने निकै पुरानो संसदीय अभ्यास नेपालको संसदमा पनि रहेको छ । सदनमा सदस्यहरू बस्ने ठाउँको अभ्यासबाट कुन दल सत्तामा, कुन दल प्रतिपक्षमा रहेछ भन्ने जानकारी हुन्छ । अर्थात् दायाँतर्फ सरकार र बायाँतर्फ प्रतिपक्ष दल रहेका हुन्छन् । अन्तर्राष्ट्रिय संसदीय अभ्यास जस्तो बेलायतको संसदमा प्रधानमन्त्री र प्रमुख प्रतिपक्ष दलको नेता सभामुख ड्यासको दायाँ र बायाँतर्फको सिधा आमने सामुन्नेको सिटमा बस्ने अभ्यास रहेको छ । नेपालको संघीय संसदको प्रतिनिधि सभामा प्रधानमन्त्री र प्रमुख प्रतिपक्षको नेता दायाँ बायाँका पहिलो सिटमा बस्ने अभ्यास रहेको छ । प्रधानमन्त्रीले राष्ट्रिय सभामा सो दलको कुनै सदस्यलाई सत्तापक्षको नेता तोक्ने र प्रतिपक्षको नेताले पनि राष्ट्रिय सभामा आफ्नो दलको सदस्यलाई प्रतिपक्ष दलको नेता

तोक्ने अभ्यास रहेको छ । प्रधानमन्त्री र मन्त्रीहरू राष्ट्रिय सभाको सदस्य नभए पनि सो सभाको बैठकमा उपस्थिति हुने अभ्यास रहेको छ । तर, संघीय संसदको प्रमुख प्रतिपक्षको संसदीय दलको नेता राष्ट्रिय सभामा उपस्थित नहुने भएकोले सो सभाको आफ्नो दलको कुनै सदस्यलाई प्रतिपक्षी दलको नेता तोक्ने अभ्यास रहेको छ ।

**सदन सञ्चालन गर्दा सरकार अर्थात् मन्त्री उपस्थिति हुनुपर्ने संसदीय अभ्यास**

संसदको दुवै सदन प्रतिनिधि सभा र राष्ट्रिय सभाको बैठक सञ्चालन गर्दा एवं दुवै सदनको संयुक्त बैठक सञ्चालन गर्दा सरकारको उपस्थिति हुनुपर्ने संसदीय अभ्यास रहेको छ । संसदमा सरकार उपस्थित हुनुपर्ने अभ्यासबाट स्थापित हुँदै आएको विषयलाई विद्यमान प्रतिनिधि सभा र राष्ट्रिय सभाको नियमावलीमा बैठकमा मन्त्रीको उपस्थित अनिवार्य रूपमा हुनुपर्ने गरी उल्लेख गरिएको छ । त्यसैले, प्रधानमन्त्री वा मन्त्रीहरूमध्ये कुनै एक मन्त्री उपस्थित नभई कुनै पनि सदनको बैठक प्रारम्भ नगर्ने संसदीय अभ्यास रहेको छ । सभा सञ्चालन भइरहेको समयमा सदनमा सरकारको तर्फबाट कुनै पनि मन्त्री उपस्थिति रहेको छैन वा उपस्थित भएको मन्त्री सभाबाट बाहिर गएको अवस्थामा सो विषय प्रतिपक्ष वा सत्तापक्षको कुनै सदस्यले उठाएमा सो बैठक तत्कालका लागि स्थगित गर्ने अभ्याससमेत रहेको छ । त्यसरी स्थगित भएको सदनमा सरकारको मन्त्री उपस्थिति भए पछिमात्र बैठक पुनः सञ्चालन गर्ने गरिन्छ । संसदको बैठक सञ्चालन गर्दा दुवै सदनमा सरकारको तर्फबाट कम्तीमा कुनै एकजना मन्त्री उपस्थिति भएकै हुनु पर्दछ । सदनमा मन्त्री उपस्थित भएमा मात्र संसदमा उठेका र उठाइएका विषय सरकारले सुनेको छ र सुन्नुपर्छ भन्ने संसदीय मान्यता रहेको छ ।

**प्रधानमन्त्री र प्रमुख प्रतिपक्ष दलको नेताले संसदमा बोल्नेसम्बन्धी संसदीय अभ्यास**

संघीय संसदको अधिवेशन चालु रहेको अवस्थामा प्रधानमन्त्रीले दुवै सदन अर्थात् प्रतिनिधि सभा र राष्ट्रिय सभामा जुनसुकै दिन, बैठक र समयमा बोल्न चाहेमा बोल्न सक्ने संसदीय अभ्यास रहेको छ । प्रधानमन्त्रीले संसदमा बोलिसकेपछि सो सम्बन्धमा सदस्यहरूले स्पष्टीकरण माग गर्न सक्दछन् सोको जवाफ प्रधानमन्त्रीले दिने अभ्यास रहेको छ । प्रधानमन्त्रीलाई संसदको कुनै सदनमा बोल्दा समयसीमा तोकिँदैन । प्रमुख प्रतिपक्ष दलको नेताले संसदको अधिवेशन चालु रहेको अवस्थामा संसद अर्थात् सम्बन्धित सदनको कुनै पनि दिन, बैठक वा समयमा बोल्न चाहेमा बोल्न सक्ने संसदीय अभ्यास रहेको छ । प्रमुख प्रतिपक्ष दलको नेताले सदनमा बोलेको विषयमा सदस्यहरूले स्पष्टीकरण सोध्ने अभ्यास छैन । प्रमुख प्रतिपक्ष दलको नेतालाई पनि संसदमा बोल्दा समयसीमा नतोकिने परम्परा रही आएको छ ।

अतः प्रधानमन्त्री र प्रमुख प्रतिपक्ष दलको नेतालाई उहाँहरूले चाहेको दिन वा बैठकमा बोल्न सक्ने संसदीय अभ्यास रहेको छ । तर, दुवै जनाले एकै दिन वा बैठकमा बोल्न चाहेमा प्रधानमन्त्रीले पहिले बोल्ने अभ्यास रहेको छ । त्यसपछि, प्रमुख प्रतिपक्ष दलको नेताले चाहेमा बोल्न सक्ने प्रचलन रहेको छ । यस अभ्यासका सम्बन्धमा कहिलेकाहीं प्रतिपक्ष र सत्तापक्ष दलको धारणा फरकफरक हुन पनि सक्छ । तर, प्रधानमन्त्री प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतासमेत हुने भएकोले प्रधानमन्त्रीलाई बोल्न प्राथमिकता दिने प्रचलन छ । त्यस्तै, संसदीय व्यवस्थामा प्रधानमन्त्री सरकार प्रमुख हुने भएकोले कुनै विषयमा संसदमा सरकारको भनाइ एवं धारणा राख्न चाहेमा प्रधानमन्त्री पहिलो वक्ताको रूपमा बोल्न सक्ने संसदीय अभ्यास रहेको हो । प्रमुख प्रतिपक्ष दल संसदमा दोस्रो ठूलो दल हुने भएकाले सो दलको नेताले पनि सोही दिन वा बैठकमा बोल्न चाहेमा दोस्रो वक्ताको रूपमा बोल्न सक्ने अभ्यास रहेको छ । संघीय संसद, प्रतिनिधि सभाको २०७६ माघ १४ गतेको बैठकमा नवनिर्वाचित सभामुखलाई बधाई तथा शुभकामना दिनुहुँदै प्रधानमन्त्रीले पहिला बोल्नु भएको थियो । तत्पश्चात्, सोही बैठकमा प्रमुख प्रतिपक्ष दलको नेताले सभामुखलाई बधाई तथा शुभकामना दिनुहुँदै आफ्नो धारणा राख्नु भएको थियो । सामान्यतया सत्तापक्षको नेता एवं प्रधानमन्त्री र प्रमुख प्रतिपक्ष दलको नेताले फरकफरक दिन वा बैठकमा बोल्ने अभ्यास देखिन्छ । समझदारीमा प्रमुख प्रतिपक्ष दलको नेताको कुरा पहिला सुनौं र त्यसपछि प्रधानमन्त्रीले बोलौं भने पनि त्यसलाई अन्यथा लिइरहनु पर्दैन । तर, सरकारको वार्षिक नीति तथा कार्यक्रमको छलफलको प्रारम्भमा प्रमुख प्रतिपक्ष दलको नेतालाई पहिला बोल्न समय दिने संसदीय अभ्यास रहेको छ । प्रत्येक वर्ष राष्ट्रपतिको सम्बोधनमार्फत् संयुक्त सदनमा प्रस्तुत सरकारको नीति तथा कार्यक्रम सोही दिन प्रतिनिधि सभा र राष्ट्रिय सभाको बैठकमा प्रधानमन्त्रीबाट टेबुल गरिएको हुन्छ । सरकारको नीति तथा कार्यक्रम राष्ट्रपतिबाट सदनमा प्रस्तुत हुने भएकोले त्यसमाथि संसदमा हुने छलफलको प्रारम्भमा प्रमुख प्रतिपक्ष दलको नेताले पहिले बोल्ने अर्थात् प्रतिपक्षको भनाइ राख्न दिने अभ्यास रहेको छ । राष्ट्रपतिको सम्बोधनमार्फत् संसदमा प्रस्तुत भएको सरकारको नीति तथा कार्यक्रमको छलफलमा उठेका प्रश्नको जवाफ अन्तिममा प्रधानमन्त्रीले दिने संसदीय अभ्यास रहेको छ ।

**प्रधानमन्त्री संसदमा बोल्दा प्रतिपक्ष दलको नेता र प्रतिपक्षको नेता बोल्दा प्रधानमन्त्री अर्थात् सत्तापक्षको नेता सदनमा उपस्थिति हुने मान्यता**

संसदीय अभ्यासबमोजिम प्रधानमन्त्रीले सदनमा बोल्दा प्रमुख प्रतिपक्ष दलका नेता र संसदमा प्रतिनिधित्व गर्ने अन्य दलका नेता पनि सदनमा उपस्थित रहने भन्ने संसदीय मान्यता रहेको छ । प्रधानमन्त्रीले संसदमा बोलेको विषय प्रतिपक्ष दलको नेता र प्रतिपक्ष दलको नेताले सदनमा बोलेको विषय प्रधानमन्त्रीले आफ्नै कार्यकक्षबाट वा प्रत्यक्ष प्रशारण वा अन्य सञ्चार माध्यमबाट पनि सुन्न एवं

जानकारी पाउन सक्नुहुन्छ । तर, संसदीय अभ्यास एवं परम्परामा प्रधानमन्त्री र प्रमुख प्रतिपक्ष दलको नेता बोल्दा उहाँहरूले एक अर्काको कुरा सदनमा उपस्थित भएर सुन्ने भन्ने संसदीय मान्यता रहेको छ । संसदमा सत्तापक्षको नेता एवं प्रधानमन्त्री र प्रमुख प्रतिपक्षको नेता बोल्दा उहाँहरू एक अर्काको कुरा सुन्न उपस्थित हुने अभ्यास स्थापित गर्नु संसदीय शासन प्रणालीको राम्रो पक्ष मानिन्छ ।

**सरकार सत्तापक्षको र संसद प्रतिपक्षको भन्ने संसदीय मान्यता**

सरकार सत्तापक्षको र संसद प्रतिपक्षको भन्ने संसदीय मान्यता बेलायतको संसदबाट विकसित भएको मानिन्छ । प्रधानमन्त्री एवं मन्त्रीहरू बोल्न आफ्ना कुरा राख्नका लागि सरकारका धेरै औपचारिक ठाउँ एवं सञ्चार माध्यम रहेका हुन्छन् । राज्य संयन्त्र ज्यादा सरकारको पक्षमा हुन्छ र सञ्चार माध्यमले पनि प्रधानमन्त्री र मन्त्रीका भनाइलाई प्रशस्त ठाउँ दिएका हुन्छन् । प्रमुख प्रतिपक्षका नेता एवं विपक्षी दलका सदस्यहरू बोल्ने राज्यको औपचारिक थलो संसद हो । त्यसैले, सरकार सत्तापक्षको र संसद प्रतिपक्षको भनिएको हो । संसदमा सरकार बहुमतमा रहेको हुन्छ र सरकारले संसदमा पेश गरेको नीति, कार्यक्रम, बजेट, विधेयक, अन्य विषय पारित गरेर लैजान सक्छ । तर, प्रतिपक्षलाई संसदमा सरकारले प्रस्तुत गरेका नीति तथा कार्यक्रम, बजेट, विधेयक एवं अन्य विषयमा आफ्नो विचार एवं धारणा राख्न, टिप्पणी गर्न, बोल्न एवं खण्डन गर्न यथोचित समय दिने संसदीय प्रचलन रहेको छ ।

प्रतिपक्षले पनि संसदमा आफ्नो विषयवस्तु एवं भनाइ छलफलका लागि दर्ता एवं प्रस्तुत गर्न सक्दछ । प्रतिपक्षले उठाएका विषय, गरेको प्रश्न, ध्यानाकर्षण, सार्वजनिक महत्त्व लगायतका प्रस्ताव छलफलमा लैजानु पर्दछ भन्ने संसदीय अभ्यास रहेको छ । प्रतिपक्षले ल्याएको कुनै प्रस्ताव वा दर्ता गरेको कुनै विषय मतदानबाट निर्णय गर्नुपर्ने भएमा सत्तापक्षको समर्थन नहुनसक्छ । तर, छलफल गर्नुपर्छ भन्ने संसदीय मान्यता रहेको छ । सङ्कल्प प्रस्तावलाई सकेसम्म सबै दलको साझा प्रस्तावको रूपमा छलफल गरी पारित गर्ने अभ्यास रहेको छ । सरकारमा प्रतिपक्ष हुँदैन तर संसदमा प्रतिपक्ष हुन्छ । त्यसैले, सरकारले गरेका त्रुटिपूर्ण कार्यहरूलाई प्रतिपक्षले संसदमा उठाएर सरकारको ध्यानाकर्षण गराउन पनि प्रतिपक्षलाई संसदमा समय दिनु पर्दछ भन्ने हो । प्रतिपक्षले पनि संसदमार्फत् सरकारलाई जनताप्रति जवाफदेही बनाउन संसदको समयलाई रचनात्मक रूपमा उपयोग गर्न सक्छ । संसदमा प्रस्तुत सरकारी प्रस्ताव एवं विषयमा सत्तापक्षका सदस्यहरूले धेरै नबोलेका पनि हुन सक्छ । बोल्दा पनि ज्यादा समर्थन गरेर बोलेका हुन सक्छन् र सामान्यतया त्यस्तै हुन्छ । तर, प्रतिपक्ष अर्थात् विपक्ष दलका सदस्यले संसदमा प्रस्तुत भएका सरकारी एजेण्डालाई गहिराइबाट विश्लेषण गरी त्यसमा रहेका त्रुटि एवं कमजोरीबाट राष्ट्रलाई पर्न सक्ने असरका सम्बन्धमा संसदमार्फत्

जनतालाई सुसूचित गर्न संसदको समयको रचनात्मक प्रयोग गर्न सक्दछन् । सरकार सत्तापक्षको र संसद प्रतिपक्षको भन्ने मान्यता सावित गर्ने माध्यम राज्य सञ्चालनको कामकारवाहीमा सरकारको सक्रियता र प्रतिपक्षका सदस्यहरूको संसदमा हुने छलफलको सक्रियतामा भर पर्ने विषय पनि हो ।

**प्रमुख प्रतिपक्ष दलले छायाँ सरकार बनाउने संसदीय अभ्यास**

संसदीय प्रणालीमा संसदमा बहुमत हुने वा बहुमत प्राप्त गर्नसक्ने दलको सरकार हुन्छ । संसदमा दोस्रो स्थानमा रहेको दल प्रमुख प्रतिपक्षमा रहने संसदीय मान्यता रहेको छ । कुनै कारणले सरकारमा रहेको दल एवं प्रधानमन्त्रीले संसदमा बहुमत गुमाएमा त्यसको फाइदा प्रमुख प्रतिपक्षमा रहेको दलले लिन सक्दछ । त्यसैले, प्रमुख प्रतिपक्ष दल एवं प्रतिपक्ष दलहरूलाई संसदीय मान्यताबमोजिम सरकार कुरेर बसेको दल अर्थात् 'गभर्मेण्ट इन वेटिङ' भनिएको हो । भारतको संसदमा प्रतिपक्ष दलको नेतालाई छायाँ सरकारको प्रधानमन्त्रीको रूपमा मान्ने प्रचलन रहेको छ । नेपालको संसदीय इतिहासमा विगतमा छ महिनादेखि एक/दुई वर्षभित्र धेरैपटक सरकार परिवर्तन भएको र प्रमुख प्रतिपक्ष एवं प्रतिपक्षमा रहेका दलले सरकार बनाउने अवसर प्राप्त गरेका छन् । संसदीय व्यवस्थामा जतिबेला पनि प्रतिपक्षलाई सरकार बनाउने अवसर आउनसक्ने हुनाले विशेष गरी प्रमुख प्रतिपक्ष दलले छायाँ सरकार बनाउने संसदीय अभ्यास रहेको छ ।

प्रतिपक्ष दलले सरकारका मन्त्रालयहरू विभाजन गरी आफ्ना दलका सदस्यहरूलाई छायाँ सरकारको मन्त्रालय तोक्ने र सम्बन्धित मन्त्रालय एवं सो अन्तर्गतका निकायमा के कसरी काम भइरहेको छ भनी जानकारी राख्ने प्रचलन रहेको छ । छायाँ सरकारको अवधारणाले प्रतिपक्षलाई सरकार विरुद्ध संसदमा प्रभावकारी रूपमा प्रस्तुत हुन पनि सजिलो हुन्छ । सरकार परिवर्तन भएमा प्रतिपक्षलाई सरकार सञ्चालन गर्न पनि सहज हुन्छ । संसदमा कुनै पनि दलले बहुमत प्राप्त नगरेको अवस्थामा अर्थात् मिलिजुली सरकार बनाएको अवस्थामा छायाँ सरकार गठन गरी 'गभर्मेण्ट इन वेटिङ' मा बस्ने संसदीय मान्यताको विकास भएको देखिन्छ । संसदमा सत्तारुढ दलको सहज बहुमत भएको अवस्थामा पनि छायाँ सरकार बनाएर सरकार एवं सम्बन्धित मन्त्रालयको समग्र कामकारवाहीको जानकारी लिने र सरकारबाट भएका गल्ती कमजोरी संसदमा उठाउन पनि छायाँ सरकारको अवधारणा कामयाबी हुन्छ । छायाँ सरकारको गठनबाट सरकारको आलोचना तथ्य एवं प्रमाणमा आधारित भएर गर्न सकिन्छ भन्ने मान्यता रहेको छ ।

## सार्वजनिक लेखा समितिको सभापति प्रमुख प्रतिपक्ष र समितिका सभापति अन्य दललाई पनि दिने संसदीय अभ्यास

अन्तर्राष्ट्रिय संसदीय अभ्यासमा संसदको सार्वजनिक लेखा समितिको सभापति प्रमुख प्रतिपक्ष दलको सदस्यलाई दिने प्रचलन रहेको छ । सत्तापक्ष जसले सरकार सञ्चालन गर्छ उसले राज्य कोषमा रहेको रकम खर्च गर्छ । सरकारी खर्च एवं बेरुजुको विषय हेर्ने कार्यक्षेत्र भएको सार्वजनिक लेखा समितिको सभापति प्रमुख प्रतिपक्षलाई दिने अन्तर्राष्ट्रिय संसदीय अभ्यास रहेको छ । नेपालको संसदमा पनि त्यस प्रकारको अभ्यास रहेको छ र केही अपवादको अवस्थामा बाहेक विगतको संसदीय अभ्यासदेखि नै सार्वजनिक लेखा समितिको सभापति प्रमुख प्रतिपक्षलाई दिने गरिएको छ । सार्वजनिक लेखा समितिबाहेक अन्य संसदीय समिति पनि सत्तापक्ष र प्रतिपक्षमा रहेका दल एवं साना दल र कहिलेकाहीं स्वतन्त्र सदस्यलाई पनि दिने अभ्यास रहेको छ । यस किसिमको अभ्यासको मनसाय संसद एवं संसदीय समितिमा हुने छलफल एवं निर्णय सकेसम्म सबै दलको सहमतिमा होस् भन्ने हो । यदि संसदीय समितिको सभापतिको निर्वाचन बहुमतीय प्रणालीबाट मात्र गरिएमा सबै संसदीय समितिका सभापति सत्तामा रहेको दलबाट मात्र निर्वाचित हुने अवस्था रहन्छ । अतः सार्वजनिक लेखा समिति लगायतका संसदीय समितिका सभापति प्रतिपक्ष र अन्य दललाई दिने भन्ने प्रावधान नियमावलीमा गरिएको छैन । उल्लेखित विषय अभ्यासबाट स्थापित हुँदै आएको छ ।

## संसदको ढ्यापढ्यापे समय, शून्य समय, विशेष समयसम्बन्धी संसदीय अभ्यास

संसदमा सदस्यहरूले बोल्ने ढ्यापढ्यापे समय, शून्य समय र विशेष समय पनि संसदीय अभ्यासबाट प्रारम्भ भएको हो । पछिल्लो समयमा शून्य समय र विशेष समय संक्षिप्तमा प्रतिनिधि सभा र राष्ट्रिय सभा नियमावली उल्लेख गरिए पनि उपरोक्त समय उपलब्ध गराउने विधि र प्रक्रिया अभ्यासबाटै स्थापित हुँदै आएको छ । उपरोक्त समयमा बोल्ने विषयलाई कार्यसूचीमा उल्लेख गरिएको हुँदैन । सभामुख र अध्यक्षको वाचनपत्रमा मात्र उल्लेख गर्ने अभ्यास रहेको छ । सामान्यतया संसदमा शून्य समय नियमित रूपमा सञ्चालन गरिन्छ । विशेष समय एक दुई दिनको अन्तरालमा र ढ्यापढ्यापे समय तत्काल घटेको घटना वा अत्यन्त जरुरी विषयवस्तुमा बोल्न पर्ने भएमा मात्र समय दिने संसदीय अभ्यास रहेको छ ।

## संसदमा बोल्न समयसीमा नतोकिने अभ्यास

नेपालको संसदीय अभ्यासमा प्रधानमन्त्री, प्रमुख प्रतिपक्षी दलको नेता, मन्त्रीहरू, पूर्वप्रधानमन्त्री, संविधान सभाका अध्यक्ष, पूर्वसभामुख, राष्ट्रिय सभामा सो सभाका पूर्वअध्यक्ष भइसकेको पदाधिकारी सदस्य भएमा सम्बन्धित सदनमा बोल्दा कुनै समयसीमा नतोकिने अभ्यास गरिएको छ । उहाँहरूले

बोल्दा रोष्ट्रमबाट बोल्नेसमेत अभ्यास रहेको छ । उल्लेखित पदाधिकारी बाहेक संसद सदस्यहरूले विशेष समयमा बोल्न ३, ५, १० मिनेट र कहिलेकाहीँ सोभन्दा बढी समयसमेत निर्धारण गर्ने प्रचलन रहेको छ ।

### संसदको रोष्ट्रम वा फ्लोरबाट बोल्ने अभ्यास

संसदमा के कस्तो विषयमा बोल्दा रोष्ट्रम प्रयोग गर्ने र के कस्तो विषयमा फ्लोरबाट बोल्ने भन्ने विषय पनि संसदीय अभ्यासकै विषय हो । रोष्ट्रम वा फ्लोरबाट बोल्ने भन्ने विषय संसदको नियमावलीमा उल्लेख भएको छैन । ढ्यापढ्यापे समय, शून्य समय, विशेष समयमा बोल्दा र नियमापत्ति गर्दा फ्लोरबाट बोल्ने अभ्यास रहको छ । त्यस्तै, प्रश्न एवं पूरक प्रश्न गर्दा र प्रधानमन्त्री एवं मन्त्रीले संसदमा बोलेको, वक्तव्य एवं जानकारी दिएको विषयमा सदस्यहरूले थप स्पष्टीकरण माग गर्दा पनि फ्लोरबाट बोल्ने हुन्छ । तर, सरकारको नीति तथा कार्यक्रममा बोल्दा, पूर्वबजेट छलफल गर्दा, बजेटको छलफलमा बोल्दा, विधेयकको सैद्धान्तिक र दफावार छलफल, विधेयकको विरोधको सूचनामा बोल्दा, समितिको प्रतिवेदन सदनमा प्रस्तुत गर्दा, समितिको प्रतिवेदनउपर छलफल गर्दा, अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको विषयमा छलफल गर्दा, कुनै पनि किसिमको प्रस्ताव जस्तो ध्यानाकर्षण प्रस्ताव, जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव, सङ्कल्प प्रस्ताव राख्दा र छलफलमा बोल्दा सदनको रोष्ट्रमबाट बोल्ने संसदीय अभ्यास रहेको छ । पछिल्लो समयमा कोभिड-१९ को सङ्क्रमणको समयमा उल्लेखित विषयमा फ्लोरबाट बोल्ने अभ्यास पनि गरिएको छ । तर, नेपालको संसदीय अभ्यासमा प्रधानमन्त्री र मन्त्रीहरूले कुनै पनि विषयमा संसदमा बोल्दा रोष्ट्रमबाट बोल्ने एवं जवाफ दिने अभ्यास रहेको छ ।

### संसदमा बोल्नका लागि समय विभाजन एवं प्रक्रियासम्बन्धी अभ्यास

संसदको दुवै सदनमा बोल्ने समयको विभाजन गर्ने प्रचलन पनि अभ्यासबाटै स्थापित हुँदै आएको छ । सदनमा विशेष समयमा बोल्दा वा सरकारको नीति तथा कार्यक्रममा छलफल गर्दा एवं बजेटमाथि छलफल गर्दा, छलफल गर्ने कुल समयलाई सो सदनमा भएको दलको सदस्य सङ्ख्याअनुसार समय विभाजन गर्ने प्रचलन पनि अभ्यासकै रूपमा रहेको छ । उदाहरणको लागि राष्ट्रपतिबाट संसदमा प्रस्तुत सरकारको नीति तथा कार्यक्रममाथि सदनमा दुई दिन आठ/आठ घण्टा गरी १६ घण्टा छलफल गर्ने सहमति भएमा प्रत्येक दलको सदस्य सङ्ख्या अनुसार प्रत्येक दिनको आठ घण्टाको समय विभाजन गरिन्छ । दलको लागि निर्धारित समयमा आ-आफ्नो दलका सदस्यहरूमा कुन सदस्यलाई कति समय दिने भन्ने विषय सम्बन्धित संसदीय दलको सचेतकले निर्धारण गरे अनुसार सदनमा बोल्न समय दिने प्रचलन पनि अभ्यासकै रूपमा रहेको छ ।

सदनको शून्य समयमा बोल्न नियमित रूपमा समूह विभाजन गरिएको हुन्छ । सो दिनको समूहमा उल्लेखित सदस्यले बोल्न सङ्केत गरेपछि सभामुख वा अध्यक्षबाट सो सदस्यको वर्णानुक्रम अनुसारको नाम उच्चारण गर्ने अभ्यास रहेको छ । सदनको ढ्यापढ्यापे समय र विशेष समयमा बोल्दा सामान्यतया सम्बन्धित संसदीय दलको सचेतकको सहमति आवश्यक पर्दछ । सो बाहेक, कुनै सदस्यलाई ढ्यापढ्यापे समय वा विशेष समयमा बोल्न सम्बन्धित सदनको सभामुख वा अध्यक्षले अनुमति दिनेसमेत अभ्यास रहेको छ । सामान्यतया ढ्यापढ्यापे र विशेष समयमा बोल्ने सदस्यको नाम दलका सचेतकले दिए अनुसार हुन्छ । तर, विधेयकको सैद्धान्तिक छलफल एवं सदनमा गरिने विधेयकको दफावार छलफल र सन्धि सम्झौताको छलफल गर्दा सदस्यहरूले सम्बन्धित सदनको सभामुख वा अध्यक्षलाई बोल्नका लागि नाम दिएमा बोल्न सक्दछन् । सदनमा विचाराधीन विधेयकको सम्बन्धमा बोल्न दलीय समय विभाजन गरिएको हुँदैन । अर्थात् सदस्यहरूले विधेयकको सैद्धान्तिक र दफावार छलफलमा भाग लिन चाहेमा सभामुख वा अध्यक्षबाट निर्धारण भएबमोजिमको समयमा बोल्नसक्ने अभ्यास रहेको छ । त्यस्तै, कुनै पनि किसिमको प्रस्ताव जस्तो जरुरी सार्वजनिक महत्त्व, ध्यानाकर्षण, सङ्कल्प लगायतको प्रस्तावको छलफलमा बोल्न चाहने सदस्यले सम्बन्धित सदनको सभामुख वा अध्यक्षले दिएको समय सीमाभित्र बोल्ने अभ्यास रहेको छ ।

**शोक प्रस्ताव पारित गर्नेसम्बन्धी संसदीय अभ्यास**

संघीय संसद अर्थात् प्रतिनिधि सभा वा राष्ट्रिय सभाको बहालवाला सदस्यको मृत्यु भएमा दुवै सदनबाट शोक प्रस्ताव पारित गर्ने र सो दिनको बैठक स्थगित गर्ने अभ्यास रहेको छ । संसदको पूर्वसदस्यको मृत्यु भएकोमा सो दिनको बैठकको कार्यसूचीको अन्तिममा शोक प्रस्ताव राख्ने र पारित गर्ने अभ्यास रहेको छ । संसदको पूर्वसदस्यको मृत्यु भएकोमा दुवै सदनमा नियमित कार्यसूची अनुसारको कामकारवाही सकिएपछि बैठकको अन्तिममा शोक प्रस्ताव पारित गरिन्छ र बैठक नियमित रूपमा स्थगित गरिन्छ । संसदमा शोक प्रस्ताव पारित गर्दा सदस्यहरूले हात उठाएर पारित गर्ने अभ्यास रहेको छ । कुनै पनि किसिमको शोक प्रस्ताव पारित गर्दा हुन्छ वा हुन्न भन्ने ध्वनि मत अर्थात् आवाज निकालिँदैन । सम्बन्धित सदनको सभामुख एवं अध्यक्षबाट शोक प्रस्ताव राख्ने र मौन रूपमा हात उठाएर पारित गर्ने गरिन्छ । शोक प्रस्ताव पारित भएपछि मृत्यु भएका वर्तमान सदस्य वा पूर्वसदस्य प्रति एक मिनेट मौन धारण गर्ने अभ्यास रहेको छ ।

संसदमा शोक प्रस्ताव बाहेक अन्य प्रस्ताव पारित गर्दा सदस्यहरूले हुन्छ वा हुन्न भन्ने ध्वनि मत उच्चारण गरिन्छ । संसदबाट पारित शोक प्रस्ताव सम्बन्धित सदस्यको परिवारमा पठाउने अभ्यास रहेको छ । कहिलेकाहीं संसदको सदस्य वा पूर्वसदस्य नभएको राष्ट्रिय जीवनमा ख्यातिप्राप्त

व्यक्तिको मृत्युमा पनि संसदले शोक प्रस्ताव पारित गरेको समेत पाइन्छ । २०१६ सालको संसदमा महाकवि लक्ष्मीप्रसाद देवकोटा संसदको सदस्य नभए तापनि उहाँको मृत्युमा शोक प्रस्ताव पारित गरिएको थियो । सो शोक प्रस्ताव प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले राख्नु भएको थियो । २०५८ भदौमा तत्कालीन प्रतिनिधि सभाले सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकाको ट्विन टावरमा भएको आतङ्ककारी आक्रमणको भर्त्सना गर्दै प्रस्ताव पारित गरेको पाइन्छ । त्यस्तै, २०६३ असारमा पुनर्स्थापित प्रतिनिधि सभाले सन् २००६ जुलाई ११ मा भारतको मुम्बई लगायतका शहरमा भएको आतङ्ककारी आक्रमणको निन्दा गर्दै समवेदना प्रस्ताव पारित गरेको थियो । पछिल्लो समयमा शोक प्रस्ताव सभाध्यक्षबाटै प्रस्तुत गरी पारित गर्ने अभ्यास गरिएको छ ।

## निष्कर्ष

संसदीय व्यवस्थामा अभ्यासबाट स्थापित मान्यतालाई पनि संसदको नियमावलीसरह ग्रहण गरी यसकै अंशको रूपमा मानिन्छ । संविधान र नियमावलीमा भएका विषय त्यसैअनुरूप र नभएका विषय संसदीय अभ्यासबाट निक्यौंल गरिन्छ । अतः संसदको नियमावली र अभ्यासबाट स्थापित मान्यता अनुसार संसदीय कामकारवाही सञ्चालन, प्रक्रिया परिष्कृत र विकसित भएको हुन्छ । संसदीय मान्यता एवं अभ्यासलाई मान्यता नदिने हो भने संसद र यसका कार्यहरूलाई जीवन्त बनाउन सकिँदैन । संविधान र नियमावलीमा भएका विषयहरू संशोधन नभएसम्म पालना गर्नु पर्दछ । संसदीय अभ्यास एवं परम्परा पालना गर्दै जाँदा लचकता अपनाउनु पर्ने भएमा सोको सम्भावना पनि रहन्छ । संसदीय कामकारवाहीका हरेक परिस्थिति फरकफरक हुन्छन् । अधिकांश अवस्थाको निकास संविधान र नियमावली एवं विगतका अभ्यासबाट हुन सक्ने भए पनि कतिपय अवस्थामा भइरहेको अभ्यासभन्दा फरक अभ्यासको प्रारम्भ पनि गर्नुपर्ने हुन्छ । संसद सञ्चालन गर्दा चुनौतीपूर्ण परिस्थितिमा सहज निकासका लागि प्रचलित संसदीय अभ्यासलाई परिमार्जन गर्नसमेत सकिन्छ । त्यसैले, संसदीय प्रणाली अपनाएका सबै देशहरूको संसदीय कार्यसञ्चालन एकै किसिमको हुँदैन । प्रत्येक देशको संसदीय अभ्यासमा आ-आफ्ना मौलिकता हुन्छन् र एक देशले अर्को देशको संसदीय कामकारवाहीको अवलोकन गर्ने गरिन्छ । जस्तो, संसदको बैठक प्रारम्भ गर्ने नेपालको संसदीय अभ्यास र बेलायतको अभ्यास फरकफरक देखिन्छ । नेपालको संसदको बैठकको प्रारम्भ राष्ट्रिय धुनबाट गरिन्छ । बेलायतको संसदमा प्रार्थना वाचन गरी बैठक प्रारम्भ गरिन्छ । अतः संसदीय कार्यसञ्चालनको जानकारीको लागि सम्बन्धित देशको संविधान र संसदको नियमावलीका साथसाथै संसदीय अभ्यास एवं परम्परासँग पनि परिचित हुनु पर्दछ ।

**सन्दर्भ सामग्री**

**नेपाली**

नेपालको संविधान (२०७२)

प्रतिनिधि सभा नियमावली, २०७५

राष्ट्रिय सभा नियमावली, २०७५

संसदीय विवरण, २०१६, २०५८, २०६३, २०६५

**अङ्ग्रेजी**

Kashyap, Subhas. C., Practice and Procedure of Parliament, 4th Edition, (1991), Lok Sabha Secretariat, India.

May, E., Parliamentary Practice, 25th Edition, (1989) Butterworths, UK.

Rules and Traditions of Parliament, www.parliament.uk